परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

4th Anniversary

वर्ष : ४ अंक : ७३ पृष्ठ ४ २०८२ पुष १९ गते, शनिबार 3 January, 2026 मूल्य रु. ५/–

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

## ईयूको सहयोगमा तीन स्थानीय तहमा फोहरमैला व्यवस्थापन नीतिको वैधता प्रक्रिया सम्पन्न



● टक नेपाल

युरोपियन युनियन (ईयू) को सहयोगमा सञ्चालित ग्रिनसिफ्ट परियोजना अन्तर्गत तीन स्थानीय तहमा समग्र फोहरमैला व्यवस्थापनका लागि तयार गरिएको नीतिको वैधता प्रक्रिया सम्पन्न भएको छ।

परियोजना अन्तर्गत मधेश प्रदेशका जनकपुरधाम उपमहानगर पालिका र बर्दिबास नगरपालिका तथा बागमती प्रदेशको ललितपुर महानगरपालिकाका लागि तयार गरिएको फोहरमैला व्यवस्थापन विधेयकमाथि नीतिगत वैधता प्रक्रिया सम्पन्न गरिएको क्रिएसन नेपालकी कार्यक्रम निर्देशक सुजाता कोइरालाले जानकारी दिइन्। युरोपियन युनियनको आर्थिक तथा प्राविधिक सहयोगमा यी तीनवटै स्थानीय तहमा फोहर व्यवस्थापन नीतिको वैधताबारे वृहत छलफल गरि

ष कुमार मगरले बताए। उनका अनुसार सम्बन्धित स्थानीय तहहरूले आगामी बोर्ड बैठकमार्फत विधेयक पारित गर्ने तयारी गरेका छन्। यो वैधता प्रक्रिया फोहर व्यवस्थापन विधेयकको प्रभावकारी कार्यान्वयनका लागि महत्वपूर्ण आधारका रूपमा लिइएको छ।

कार्यक्रम अन्तर्गत घरेलु, व्यावसायिक, औद्योगिक, निर्माणजन्य, जैविक, अजैविक तथा जोखिमयुक्त फोहरसहित सबै प्रकारका फोहरको दिगो व्यवस्थापन, फोहरमैला व्यवस्थापनमा संलग्न सरसफाइकर्मीको पेशागत स्वास्थ्य तथा सुरक्षा सुनिश्चित गर्ने, साथै निजी क्षेत्रको सहभागिता प्रवर्द्धन गर्ने उद्देश्यले तयार गरिएको नीतिमाथि समीक्षा, छलफल र सुझाव संकलन गरिएको थियो।

यस प्रक्रियामा स्थानीय जनप्रतिनिधि, नगर तथा महानगरका प्राविधिक कर्मचारी, निजी क्षेत्र, नागरिक समाज, महिला तथा युवा समूह, फोहर व्यवस्थापनमा संलग्न कामदार तथा विकास साझेदारहरूको सक्रिय सहभागिता रहेको थियो।

नीति वैधता कार्यशालामा स्रोतमा फोहर छुट्याउने अभ्यास, पुनःप्रयोग र पुनर्चक्रणको प्रवर्द्धन, जैविक फोहरको कम्पोस्टिङ, प्लास्टिक तथा अन्य अजैविक फोहरको व्यवस्थापन, निजी क्षेत्रको भूमिका तथा चक्रिय अर्थतन्त्रका अवधारणाहरूलाई स्थानीय तहमा कसरी कार्यान्वयन गर्ने भन्ने विषयमा गहन छलफल गरिएको थियो। सम्बन्धित स्थानीय तहहरूले वैधता प्रक्रिया पश्चात फोहर व्यवस्थापन विधेयकलाई अन्तिम रूप दिई कार्यान्वयनमा लैजाने प्रतिबद्धता व्यक्त गरेका छन्। यसबाट स्वच्छ सहर निर्माण, वातावरण संरक्षण, जनस्वास्थ्य सुधार तथा हरित रोजगारी सिर्जनामा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ।

## जनकपुरधाममा मिथिला पहिरण दिवस मनाइयो




● टक नेपाल

जनकपुरधाममा आज मिथिला पहिरण दिवस मनाइएको छ । राष्ट्रिय पोसाक दिवसको उपलक्ष्यमा हिन्दु सम्राट सेना नेपालले आजको दिन मिथिला पहिरण दिवसको रुपमा मनाउने गरेको छ ।

रामायणकालिन ईतिहास बोकेको मिथिला क्षेत्रको राजधानी जनकपुरधामको मौलिकता बचाई राख्ने उद्देश्यले परम्परागत मैथिली पहिरण (धोती, कुर्ता, गम्छा, पाग) लगाएर समाजलाई मिथिलाको पहिचान स्मरण गराउन खोजेको हिन्दू सम्राट सेनाका केन्द्रिय सदस्य ज्यानेन्द्र सनातनीले जानकारी दिए । मिथिलावासीले अहिले आफ्नो संस्कृति र पहिचान बिर्सीसकेकोले उनीहरुलाई आफ्नो परम्परा र पहिचानको ध्यान गराउन आवश्यक रहेको उनले बताए । अहिलेका मिथिलावासीले हनुमान चालिसा र गायत्री मन्त्रसमेत बिर्सिसको उनले गुनासो गरे । उनले सामाजिक सञ्जालमा टिकाटिप्पनी गर्नेहरुले आफ्नो धर्म, संस्कृति र पहिचान पहिला के हो भनेर बुझ्न आवश्यक रहेको बताए ।

त्यस्तै हिन्दु सम्राट सेना नेपालका उपाध्यक्ष कृष्णा सनातनीले मिथिलाको पहिचान मैथिली पोसाकलाई अन्तराष्ट्रियकरण गर्नुपर्ने बताए । उनले वैदिक सनातन धर्ममा धोती कुर्ता र पागको उल्लेख रहेकोले यसलाई नबिर्सन सबैलाई आग्रह गरे । उनले जन्मदेखि मरन सम्म हरेक शुभ कार्यमा पूजा पाठ गर्दा पनि धोती र कुर्तानै लगाईने हुँदा आधुनिकरणको नाममा संस्कृति बताउन सबैले एकजुट भएर लाग्नु पर्नेमा जोड दिए । उनले अभिभावकहरुलाई आफ्नो बच्चालाई संस्कृति सिकाउन र बचाउन आग्रह गरे ।

सो क्रममा लक्ष्मी सनातनीले हिन्दु धर्म अनुसार नयाँ वर्ष मनाउन आग्रह गरिन । उनले जनकपुरका विभिन्न स्थानहरुमा स्थानीय युवाहरुले ठूलो स्वरमा अश्लिल गीतहरु बजाएर ई.संको नयाँ वर्ष मनाइरहेकोमा आक्रोस व्यक्त गरेकी छन् । सनातन धर्ममा नयाँ वर्ष बैसाख १ गत्ते रहेकोले सो दिन मात्र नयाँ वर्ष मनाउन उनले आग्रह गरिन । साथै उनले मिथीलाको पहिचान मैथिली पहिरणलाई अन्य देशहरुमा उत्सुक्ताका साथ अपनाईरहेकोमा आफ्नै देशमा वेवास्ता गर्नेहरुलाई लाज लाग्नु पर्ने धारणा राखिन । उनले आफ्नो पहिचान र आफ्नो पहिरनको सम्मान गर्न सबैलाई आग्रह गरिन ।






### शीत लहर तथा चिसोबाट हुने क्षती न्यूनीकरण सम्बन्धी सचेतनात्मक सन्देश !!!

- जाडो यामको लागि समयमै न्यानो कपडाको जोहो गरौं,
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं,
- घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं,
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओड्ने प्रयोग गर्ने र घर भित्र राति सुत्दा शरीरका साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं,
- शीतलहर चलेको समयमा शीत नपर्ने सुरक्षित ठाउँमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाऔं,
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खाने कुरा र पर्याप्त मात्रामा तातो र झोलिलो खाने कुराहरु खाने,





- बालबालिका, वृद्ध–वृद्धा, गर्भवती महिला तथा विरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने,
- शीत लहर चलेको बेलामा पाल्तु पशुपंक्षीहरुलाई सकेसम्म खुला स्थानमा चराउन नलैजाने, घर टहरामै राखेर पर्याप्त घाँस पराल र दाना दिने,
- चिसोका कारण विरामी भएमा तत्कालै नजिकको स्वास्थ्य संस्थामा तुरुन्त उपचारको लागि जाने,
- चिसोका कारण पशुपंक्षी विरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी उपचार गर्ने,
- कोठा भित्र आगो, मकल, हिटर लगाएतबाट तातो पार्दा पर्याप्त भेन्टिलेशन (हावा आवगतजावत) को व्यवस्था मिलाउने,
- शीत लहरबाट हुन सक्ने कृषिबाली र पशुपंक्षीको क्षतीलाई न्यून गर्न सेड, छाप्रो, छानो, प्लाष्टिक लगाएतका संरचनाद्वारा सुरक्षित गर्ने।

औरही नगरपालिका, महोत्तरी
मधेश प्रदेश, नेपाल

# महोत्तरीमा सार्वजनिक सुनुवाइ सम्पन्न, नागरिक-प्रहरी संवाद सुदृढ

• टक नेपाल



जिल्ला प्रहरी कार्यालय महोत्तरीद्वारा आयोजना गरिएको सार्वजनिक सुनुवाइ कार्यक्रम बर्दिवासमा सफलतापूर्वक सम्पन्न भएको छ। कार्यक्रमको उद्देश्य नागरिक-प्रहरी सम्बन्ध सुदृढ बनाउँदै सुरक्षा, सेवा प्रवाह र सुशासनका विषयमा प्रत्यक्ष संवाद गर्नु रहेको थियो।

कार्यक्रमको अध्यक्षता जिल्ला प्रशासन कार्यालय महोत्तरीका प्रमुख जिल्ला अधिकारी ईन्द्रदेव यादवले गर्नुभएको थियो भने प्रमुख अतिथिका रूपमा बर्दिवास नगरपालिकाका नगर प्रमुख प्रहलाद कुमार क्षेत्री सहभागी हुनुहुन्थ्यो। कार्यक्रममा जिल्लास्थित सुरक्षा निकायका प्रमुख, विभिन्न सरकारी कार्यालयका प्रतिनिधि, स्थानीय जनप्रतिनिधि, नागरिक समाज, सञ्चारकर्मी र सर्वसाधारणको उल्लेखनीय उपस्थिति रहेको थियो।

सार्वजनिक सुनुवाइमा नागरिकहरूले शान्ति-सुरक्षा, लागुऔषध नियन्त्रण, ट्राफिक व्यवस्थापन, महिला तथा बालबालिकासँग सम्बन्धित अपराध, घरेलु हिंसा, सेवाग्राहीमैत्री प्रहरी सेवा, उजुरी दर्ता प्रक्रिया लगायतका विषयमा आफ्ना जिज्ञासा, गुनासा र सुझावहरू राखेका थिए। सम्बन्धित निकायका प्रमुखहरूले स्पष्ट जवाफ दिँदै समाधानका उपायबारे जानकारी गराएका थिए। कार्यक्रम सम्बोधन गर्दै प्रमुख जिल्ला अधिकारी यादवले सार्वजनिक सुनुवाइ नागरिक र प्रशासनबीच विश्वासको सेतु भएको उल्लेख गर्दै समस्या समाधानमा प्रशासनको सक्रिय भूमिका आवश्यक रहेको र सबै निकायले समन्वयमा काम गर्नुपर्नेमा जोड दिनुभयो। प्रधान अतिथि नगर प्रमुख प्रहलाद कुमार क्षेत्रीले वर्दिवास नगरपालिकामा आफ्नो नाममा कुनै क्रसर उद्योग रहेको प्रमाण देखाउन खुला चुनौती प्रस्तुत गर्नुभयो। उहाँले सामाजिक सञ्जालमा फैलिएका आधारहीन आरोपहरू अस्वीकार गर्दै कानुनी प्रमाणसहित देखाउनेलाई आफू कानूनी कारबाही भोग्न तयार रहेको बताउनुभयो। नगर प्रमुख क्षेत्रीले आफ्नो निर्वाचनपछि अवैध क्रसर उद्योग बन्द गर्ने वचन पूरा गरेको र आगामी दिनमा पनि कानुनी तथा वातावरणीय मापदण्डअनुसार क्रसर उद्योग संचालनमा निगरानी जारी रहने स्पष्ट गर्नुभयो। उहाँले अवैध क्रसर उद्योग, ढुंगा-गिट्टी उत्खनन तथा वातावरण प्रदूषण गर्ने गतिविधिमाथि नगरपालिकाले कडाइका साथ अनुगमन गरिरहेको दाबी गर्नुभयो। कार्यक्रममा प्रहरी उपरीक्षक हेरम्भ शर्माले नागरिकका प्रश्नको जवाफ दिँदै हालसम्म भएका गतिविधि, उपलब्धि र आगामी योजनाबारे जानकारी गराए र सुझाव कार्यान्वयनमा ल्याउने प्रतिबद्धता व्यक्त गरे। कार्यक्रममा सहभागीहरूले प्रशासनिक पारदर्शिता बढेको र आफ्ना कुरा खुलस्त राख्न सहज भएको धारणा व्यक्त गरे। कार्यक्रम जिल्ला प्रहरी कार्यालय महोत्तरीको आयोजनामा, जिल्ला प्रशासन कार्यालय महोत्तरी र इलाका प्रहरी कार्यालय वर्दिवासको समन्वयमा सम्पन्न भएको थियो। आयोजकका अनुसार आगामी दिनमा पनि यस्ता कार्यक्रम निरन्तर आयोजना गरि नागरिक-प्रशासन सम्बन्ध अझ सुदृढ बनाइनेछ।

पत्रिकाका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

## निर्वाचनको सुनिश्चितताले जगाएको आशा

दलहरूले समानुपातिकतर्फको बन्दसूची बुझाएसँगै मुलुक निर्वाचनमय भएको छ। यतिबेला सर्वत्र समानुपातिकतर्फका उम्मेदवारहरूको सूची, उनीहरूको र ाजनीतिक तथा पेसागत पृष्ठभूमि र सूचीमा दिइएको प्राथमिकताको विश्लेषण भइरहेको छ। यससँगै निर्वाचन कार्यतालिकाले आमजनतालाई छोएको छ।

किनकि, जनताले समानुपातिकतर्फका उम्मेदवार पाएका छन्। उम्मेदवारहरूको दाबी विरोध तथा अन्तिम बन्दसूची सार्वजनिक हुँदा यो प्रक्रियाले पूर्णता पाउनेछ। अको 'तर्फ, प्रत्यक्षतर्फको टिकट वितरण तथा उम्मेदवारी दर्तासँगै निर्वाचन चर्चाले उचाइ छुनेछ। त्यतिबेला मुलुकमा बाँकी सबै राजनीतिक विषय दोस्रो प्राथमिकतामा पने 'छन्। केही दिनअघिसम्म अन्यो ल व्यक्त भइरहेको पृष्ठभूमिकै बीच निर्वाचनको गर्मी भित्र्याउन सफल सरकार, निर्वाचन आयोग, दल तथा सबै सरोकारवालाको भूमिका प्रशंसनीय छ। बाँकी कार्यतालिका पनि सुझबुझपूर्ण ढंगले अघि बढाउन उल्लेखित सबै पक्षले आ-आफ्नो क्षेत्रबाट उचित भूमिका निर्वाह गर्नुपर्छ। यसले नै हामीलाई सुरक्षित गन्तव्यमा पुऱ्याउनेछ।

२७ भदौमा पूर्वप्रधानन्यायाधीश सुशीला कार्की प्रधानमन्त्री भएसँगै उनको सिफारिसमा प्रतिनिधिसभा भंग भई २१ फागुनका लागि निर्वाचनको मिति तोकिएको थियो। तर, परम्परागत राजनीतिक पार्टीहरूप्रतिको आक्रोश, जेन-जी आन्दोलनलाई हेर्ने फरक-फरक दृष्टिकोण, जेन-जी र र ाजनीतिक पार्टीबीचको द्वन्द्व र आगामी राजनीतिक पार्टीहरूका आ-आफ्नै 'रोडम्याप'का कारण निर्वाचन हुनेमा आशंका थियो।

निर्वाचन नै भएन भने मुलुक र ाजनीतिक किचलोमा फस्ने, संक्रमणकाल लम्बिने, र ाजनीतिक र सामाजिक द्वन्द्व बढ्ने, संविधानबाट प्राप्त उपलब्धि गुम्ने र जेन-जीका आकांक्षा पनि पूरा नहुने चेतावनी विज्ञहरूले दिइरहेका थिए। त्यस्तो चेतावनी यथार्थभन्दा पर थिएनन्। त्यसैले पनि २१ फागुनको निर्वाचन संविधान र त्यसबाट प्राप्त व्यवस्था तथा उपलब्धिको सुरक्षाका निम्ति पनि अपरिहार्य थियो। निर्वाचनको बढ्दो सुनिश्चितताले मुलुकले सुरक्षित निकास पाउने सम्भावना बलियो बनेको छ। यसको निष्कर्ष भने २१ फागुनमा सुरक्षित र स्वच्छ ढंगले मतदान सम्पन्न भएसँगै निस्किनेछ। निर्वाचनमा अन्य सबै पक्ष रेफ्री वा दर्शक हुन्, राजनीतिक पार्टीहरू भने खेलाडी हुन्। जेन-जी आन्दोलनलाई हेर्ने दृष्टिकोणमै रहेको फरक मतका कारण कतिपय पार्टीले निर्वाचनप्रति अरुचि र ाखिरहेको जस्तो देखिन्थ्यो।

vianet
अब सबै connected

शीत लहर तथा चिसोबाट हुने क्षती न्यूनीकरण सम्बन्धी सचेतनात्मक सन्देश !!!





- जाडो यामको लागि समयमै न्यानो कपडाको जोहो गरौं,
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं,
- घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं,
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओड्ने प्रयोग गर्ने र घर भित्र राति सुत्दा शरीरका साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं,
- शीतलहर चलेको समयमा शीत नपर्ने सुरक्षित ठाउँमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाऔं,
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो र झोलिलो खानेकुराहरु खाने,
- बालबालिका, वृद्ध-वृद्धा, गर्भवती महिला तथा विरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने,
- शीत लहर चलेको बेलामा पाल्तु पशुपंक्षीहरुलाई सकेसम्म खुला स्थानमा चराउन नलैजाने, घर टहरामै राखेर पर्याप्त घाँस पराल र दाना दिने,
- चिसोका कारण विरामी भएमा तत्कालै नजिकको स्वास्थ्य संस्थामा तुरुन्त उपचारको लागि जाने,
- चिसोका कारण पशुपंक्षी विरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी उपचार गर्ने,
- कोठा भित्र आगो, मकल, हिटर लगाएतबाट तातो पार्दा पर्याप्त भेन्टिलेशन (हावा आवगतजावत) को व्यवस्था मिलाउने,
- शीत लहरबाट हुन सक्ने कृषिबाली र पशुपंक्षीको क्षतीलाई न्यून गर्न सेड, छाप्रो, छानो, प्लाष्टिक लगाएतका संरचनाद्वारा सुरक्षित गर्ने।

लक्ष्मीनियाँ गाउँपालिका, धनुषा
मधेश प्रदेश

शीत लहर तथा चिसोबाट हुने क्षती न्यूनीकरण सम्बन्धी सचेतनात्मक सन्देश !!!

- जाडो यामको लागि समयमै न्यानो कपडाको जोहो गरौं,
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं,
- घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं,
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओड्ने प्रयोग गर्ने र घर भित्र राति सुत्दा शरीरका साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं,
- शीतलहर चलेको समयमा शीत नपर्ने सुरक्षित ठाउँमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाऔं,
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो र झोलिलो खानेकुराहरु खाने,





- बालबालिका, वृद्ध-वृद्धा, गर्भवती महिला तथा विरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने,
- शीत लहर चलेको बेलामा पाल्तु पशुपंक्षीहरुलाई सकेसम्म खुला स्थानमा चराउन नलैजाने, घर टहरामै राखेर पर्याप्त घाँस पराल र दाना दिने,
- चिसोका कारण विरामी भएमा तत्कालै नजिकको स्वास्थ्य संस्थामा तुरुन्त उपचारको लागि जाने,
- चिसोका कारण पशुपंक्षी विरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी उपचार गर्ने,
- कोठा भित्र आगो, मकल, हिटर लगाएतबाट तातो पार्दा पर्याप्त भेन्टिलेशन (हावा आवगतजावत) को व्यवस्था मिलाउने,
- शीत लहरबाट हुन सक्ने कृषिबाली र पशुपंक्षीको क्षतीलाई न्यून गर्न सेड, छाप्रो, छानो, प्लाष्टिक लगाएतका संरचनाद्वारा सुरक्षित गर्ने।

भगहा नगरपालिक, महोत्तरी
मधेश प्रदेश, नेपाल

WebSurfer
THE BROADBAND COMPANY
Fiber Internet, IPTV and Corporate Intranet Services
SUPER FAST
FIBER
INTERNET
HOME & BUSINESS
Fiber Internet
IPTV

# मधेशबाट एमालेको समानुपातिकमा को को परे ?




● टक नेपाल

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि नेकपा (एमाले) ले निर्वाचन आयोगमा बुझाएको समानुपातिक उम्मेदवारको बन्दसूचीमा मधेशबाट २० जनाको नाम सिफारिस गरेको छ।

पेश गरिएको बन्द सूचीमा मधेशबाट सबभन्दा बढी धनुषा जिल्लाबाट ७ जनाको नाम सिफारिस गरिएको छ। यस्तै सिरहा र रौतहटबाट ३/३ जना, सर्लाही र बाराबाट २/२ जना, सप्तरी, महोत्तरी र पर्साबाट एक/एक जनाको नाम सिफारिसमा परेको छ।

एमाले बुझाएको बन्द सूची अनुसार धनुषाबाट उर्मिलादेवी पासवान, यशोधा कुमारी यादव, मञ्जु महतो, रेणु साह, अरविन्द साह, रामचरित्र साह र चन्देश्वर यादव रहेका छन भने सप्तरीबाट असरा देवी चौधरी, महोत्तरीबाट अनिल सिंह, सर्लाहीबाट सर्मिला कुमारी यादव, रुही नाजको नाम सिफारिस गरिएको छ। यस्तै पर्साबाट विचारी प्रसाद यादव, बाराबाट एकवाल मिया, अंशु नेपाली र रौतहटबाट अंशु सिंह, बबिता दास कर्ण, सचितानन्द साह र सिरहाबाट आशा कुमारी यादव, चन्देश्वर मण्डल राजेश अग्रवाहको नाम सिफारिसमा परेको छ। पर्सा, महोत्तरी र सप्तरी जिल्लालाई पूर्ण रूपमा बेवास्ता गरिएको भन्दै पार्टीका कार्यकर्ता र स्थानीयहरूले तीव्र असन्तुष्टि व्यक्त गरेका छन्।

बन्दसूचीमा मधेस प्रदेशबाट कुल २० जनाको नाम विभिन्न क्लस्टरमा समावेश भए पनि पर्सा, सप्तरी र महोत्तरीबाट एक/एक जनाको नाम मात्र सिफारिस गरिएको भनी नेता कार्यकर्ताहरुले असन्तुष्टि व्यक्त गरेका हुन्। यसले समग्र मधेस प्रदेशलाई नै पार्टी नेतृत्वले प्राथमिकतामा नराखेको स्पष्ट सन्देश दिएको विश्लेषकहरू बताउँछन्।

पार्टी अध्यक्ष केपी शर्मा ओलीको गृह जिल्ला झापाबाट विभिन्न क्लस्टरमा ९ जनाको नाम समावेश भएको तथ्याङ्कले नेतृत्वको पक्षपातपूर्ण निर्णयलाई उजागर गरेको छ। मधेस प्रदेशका अन्य जिल्लाहरू; धनुषा, सिराहा, रौतहट र सर्लाहीलाई भने उल्लेख्य प्राथमिकता दिइएको देखिन्छ। गत आम निर्वाचनमा समानुपातिकतर्फ एमालेलाई झन्डै ४३ हजार मत दिएको पर्सा जिल्ला यस पटक एक्लो नाम मात्रमा सीमित भएको छ। विचारी प्रसाद यादव पूर्व संविधानसभा सदस्य र मधेस प्रदेश एमाले उपाध्यक्ष हुँदाहुँदै उनको नाम आठौँ नम्बरमा परेकाले उनी सांसद बन्ने सम्भावना न्यून छ।

यादवमाथि संसदीय विकास कोष दुरुपयोग र जिल्लामा गुटबन्दीको आरोप पनि लाग्दै आएको छ। विश्लेषकहरूका अनुसार, एमालेले मधेस प्रदेशमा सङ्गठन बलियो नभएका वा गत निर्वाचनमा कमजोर मत प्राप्त गरेका जिल्लाहरूलाई बढी प्राथमिकता दिएको देखिन्छ। पर्सा भने एमालेको लागि परम्परागत रूपमा राम्रो मत दिने जिल्ला हो।

यसअघि भएका प्रतिनिधिसभा, प्रदेशसभा र स्थानीय तह निर्वाचनमा पर्साले उल्लेख्य परिणाम दिएको भएतापनि यस पटकको बन्द सूचीले पर्सालाई पूर्ण उपेक्षा गरेको त्यहाँको नेताहरुको भनाई छ। राजनीतिक विश्लेषकहरूका अनुसार, बन्द सूचीले एमालेको मधेस प्रदेशमा गम्भीर कमजोरी उजागर गरेको छ। प्रदेशमा एमालेको मत आधार खस्कँदै गएको बेला पर्सा जस्तो बलियो जिल्लालाई उपेक्षा गर्नु नेतृत्वको रणनीतिक भूल हो।

# वर्दिवास नगरमा आफ्नो नाममा क्रसर उद्योग देखाउन मेयर क्षेत्रीको चुनौती

● टक नेपाल




जिल्ला प्रहरी कार्यालय महोत्तरीद्वारा आयोजित सार्वजनिक सुनुवाइ कार्यक्रम बर्दिवासमा सम्पन्न भएको छ। नागरिक-प्रहरी सम्बन्ध सुदृढ गर्दै सुरक्षा, सेवा प्रवाह तथा सुशासनका विषयमा प्रत्यक्ष संवाद गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो।

कार्यक्रमको अध्यक्षता जिल्ला प्रशासन कार्यालय महोत्तरीका प्रमुख जिल्ला अधिकारी ईन्द्रदेव यादवले गर्नुभएको थियो भने प्रमुख अतिथिका रूपमा बर्दिवास नगरपालिकाका नगर प्रमुख प्रहलाद कुमार क्षेत्री सहभागी हुनुहुन्थ्यो। कार्यक्रममा जिल्लास्थित सुरक्षा निकायका प्रमुख, विभिन्न सरकारी कार्यालयका प्रतिनिधि, स्थानीय जनप्रतिनिधि, नागरिक समाज, सञ्चारकर्मी तथा सर्वसाधारणको उल्लेखनीय उपस्थिति रहेको थियो।

सार्वजनिक सुनुवाइ कार्यक्रममा नागरिकहरूले शान्ति सुरक्षा, लागुऔषध नियन्त्रण, ट्राफिक व्यवस्थापन, महिला तथा बालबालिकासँग सम्बन्धित अपराध, घरेलु हिंसा, सेवाग्राहीमैत्री प्रहरी सेवा, उजुरी दर्ता प्रक्रियालगायतका विषयमा आफ्ना जिज्ञासा, गुनासा तथा सुझावहरू राखेका थिए। नागरिकका प्रश्नहरूमा सम्बन्धित निकायका प्रमुखहरूले स्पष्ट जवाफ दिँदै समाधानका उपायबारे जानकारी गराएका थिए।

कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष प्रमुख जिल्ला अधिकारी ईन्द्रदेव यादवले सार्वजनिक सुनुवाइ नागरिक र प्रशासनबीच विश्वासको सेतु भएको उल्लेख गर्नुभयो। उहाँले नागरिकका समस्या सुन्नु र समाधानका लागि पहल गर्नु प्रशासनको दायित्व भएको बताउँदै सबै निकायले समन्वय र सहकार्यमा काम गर्नुपर्नेमा जोड दिनुभयो। प्रमुख अतिथि वर्दिवास नगरपालिकाका नगर प्रमुख प्रहलाद कुमार क्षेत्रीले वर्दिबास नगरपालिकाको कार्यक्षेत्रभित्र आफ्नो नाममा क्रसर उद्योग रहेको प्रमाण देखाउन खुला चुनौती दिनुभएको छ। पछिल्लो समय सामाजिक सञ्जाल तथा केही सार्वजनिक फोरममा आफूलाई वर्दिवास नगरका क्रसर उद्योगीसँग जोडिएको भन्ने आरोप फैलाइएपछि नगर प्रमुख क्षेत्रीले त्यसलाई पूर्ण रूपमा अस्वीकार गर्दै प्रमाणसहित अगाडि आउन चुनौती दिनुभएको हो। सार्वजनिक सुनुवाई कार्यक्रममा बोल्दै नगर प्रमुख क्षेत्रीले आधारहीन आरोपले जनप्रतिनिधिको छवि धूमिल गने प्रयास भएको बताउनुभयो। “यदि मेरो नाममा वर्दिवास नगरभित्र वा यसको क्षेत्रभित्र कुनै पनि क्रसर उद्योग दर्ता भएको प्रमाण कसैले देखाउन सक्छ भने म जुनसुकै कानुनी कारबाही भोग्न तयार छु,” उहाँले भन्नुभयो। मेयर क्षेत्रीले नगर प्रमुखको निर्वाचन ताका आफु निर्वाचित भएको २४ घण्टा भित्र अवैध क्रशर उद्योग वन्द गर्ने वताएको कुरा पुन स्मरण गर्दै सोहि अनुसार काम गरेको र अवैध क्रशरमाथि हिजो पनि कारवाहिको लौरो चलाए भोलि पनि चलाउने छु तर सरकारको निति नियम कानुन अनुसुार मापदण्ड भित्र रहेका क्रशरहरुलाई भने संचालनमा रोक्ने कानुन स्थानिय सरकार संग नभएको वताउनु भयो। विकास निर्माणका क्रममा क्रसर उद्योग आवश्यक भए पनि त्यसको सञ्चालन कानुन, वातावरणीय मापदण्ड र प्रक्रियाअनुसार हुनुपर्ने स्पष्ट पार्नुभयो। उहाँले अवैध क्रसर उद्योगविरुद्ध नगरपालिका प्रशासन, जिल्ला प्रशासन कार्यालय तथा सम्बन्धित निकायसँग समन्वय गरेर कडाइका साथ अनुगमन गरिँदै आएको दाबी गर्नुभयो। नगर प्रमुख क्षेत्रीका अनुसार पछिल्लो समय नगरपालिकाले अवैध रूपमा सञ्चालित क्रसर उद्योग, ढुंगा-गिट्टी उत्खनन तथा वातावरण प्रदूषण गर्ने गतिविधिमाथि निगरानी बढाएको छ। यही कारणले केही स्वार्थ समूहले नियोजित रूपमा भ्रम फैलाउने काम गरेको उहाँको आरोप छ।

उहाँले राजनीतिक प्रतिशोध वा व्यक्तिगत स्वार्थका आधारमा लगाइने आरोपले जनताको विश्वास कमजोर पार्न खोजिएको उल्लेख गर्दै तथ्य र प्रमाणबिना लगाइने आरोप स्वीकार्य नहुने स्पष्ट पार्नुभयो।








## शीत लहर तथा चिसोबाट हुने क्षती न्यूनीकरण सम्बन्धी सचेतनात्मक सन्देश !!!

- जाडो यामको लागि समयमै न्यानो कपडाको जोहो गरौं,
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबित(ाऔं,
- घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं,
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओड्ने प्रयोग गने र घर भित्र राति सुत्दा शरीरका साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं,
- शीतलहर चलेको समयमा शीत नपर्ने सुरक्षित ठाउँमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाऔं,
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो र झोलिलो खानेकुराहरु खाने,





- बालबालिका, वृद्ध-वृद्धा, गर्भवती महिला तथा विरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने,
- शीत लहर चलेको बेलामा पाल्तु पशुपंक्षीहरुलाई सकेसम्म खुला स्थानमा चराउन नलैजाने, घर टहरामै राखेर पर्याप्त घाँस पराल र दाना दिने,
- चिसोका कारण विरामी भएमा तत्कालै नजिकको स्वास्थ्य संस्थामा तुरुन्त उपचारको लागि जाने,
- चिसोका कारण पशुपंक्षी विरामी भएमा नजिकैको पशु चिकित्सा(लयमा तुरुन्तै सम्पर्क गरी औषधी उपचार गर्ने,
- कोठा भित्र आगो, मकल, हिटर लगाएतबाट तातो पार्दा पर्याप्त भेन्टिलेशन (हावा आवगतजावत) को व्यवस्था मिलाउने,
- शीत लहरबाट हुन सक्ने कृषिबाली र पशुपंक्षीको क्षतीलाई न्यून गर्न सेड, छाप्रो, छानो, प्लाष्टिक लगाएतका संरचनाद्वारा सुरक्षित गर्ने।

गौशाला नगरपालिका, महोत्तरी

मधेश प्रदेश, नेपाल

## बालेनको नामले मात्रै मधेससँग ‘कनेक्ट’ हुनसक्ला रास्वपा ?



● टक नेपाल

फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गरेर कुलमान घिसिङ संरक्षकत्वको उज्यालो नेपाल पार्टी र काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र शाह (बालेन) राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)मा एकीकृत भएपछि मुलुकको राजनीति तरंगित बनेको छ। सहरी र मुख्य राजमार्ग क्षेत्र मात्र होइन, हिमाल र मधेसमा पनि अहिले रास्वपाले कहाँ कहाँ घण्टी बजाउने हो भनेर चासो बढेको छ। यससँगै पुराना दलहरूले चुनौती महसुस गर्न थालेका छन् ।

भनिन्छ, रास्वपा ठुला सहर, राजमार्गमा रहेका मझौला सहर र पहाडका केही जिल्लामा बढी प्रभावशाली छ। तर जेनजी आन्दोलनपछिको परिस्थिति तथा कुलमान र बालेनको प्रवेशले रास्वपा पहाडका अन्य जिल्ला र तराई-मधेसका जिल्लामा पनि शक्तिशाली हुने संकेत देखिन्छ।

मधेस प्रदेशमा कमजोर मानिएको रास्वपालाई बालेन फ्याक्टरले ‘सञ्जीवनी बुटी’को काम गर्नसक्छ। किनकि बालेन मधेसी समुदायका हुन् र उनी काठमाडौंमै जन्मे-हुर्केका भएपनि उनको पुख्यौंली थलो महोत्तरी हो। मधेसबाट समानुपातिक उम्मेदवार चयनदेखि प्रत्यक्ष चुनावका लागि उम्मेदवारसम्ममा रास्वपाले राम्रैसँग ध्यान केन्द्रित गरेको देखिन्छ। बालेनलाई प्रधानमन्त्री उम्मेदवार बनाइने भएकाले पनि मधेसबाट रास्वपाले राम्रै मत तान्न सक्ने अपेक्षा गरिएको छ। जेनजी आन्दोलनबाट उदाएका सिरहाका पुरुषोत्तम यादवलाई रास्वपाले समानुपातिक उम्मेदवार बनाएको छ। लामो संघर्षपछि पूर्ण छात्रवृत्तिमा एमबीबीएस पढेर डाक्टर बनेका रामजी राम र मानवअधिकारकर्मी मोहना अन्सारीलाई पनि समानुपातिक सूचीमा राखिएको छ।

यी तिनै जना उम्मेदवारले मधेसमा राम्रै मत तान्न सक्ने आँकलन छ। यस्तै जेनजी आन्दोलनको अगुवाइ गरेकामध्ये शिव यादव, पुरुषोत्तम यादव र बब्लु गुप्ता मधेस प्रदेशकै हुन्। यी तीनै जना रास्वपामै जोडिएका छन्। बब्लु गुप्ता अहिले खेलकुद मन्त्री पनि हुन्। शिव यादव सिरहा क्षेत्र नम्बर २ बाट उम्मेदवारी दिने तयारीमा छन्। जेनजी अगुवा पुरुषोत्तम यादव भन्छन्, ‘पहिलो पटक यो देशको प्रधानमन्त्री मधेसको धर्तीपुत्र हुन गइरहनुभएको छ। मधेसी जनता रास्वपालाई मत हाल्नका लागि तम्तयार भएर बसेका छन्।’ मधेस प्रदेशका ३२ वटै सिट रास्वपाले जित्ने उनले दाबी गरे। यादव भन्छन्, ‘यसपालि मधेसमा गज्जबले घण्टी बज्छ।’ रास्वपा सभापति रवि लामिछानेले २०७९ सालको चुनावमा पनि मधेस प्रदेशबाट मत तान्न प्रयास नगरेका होइनन्। मनिष झाजस्ता सामाजिक अभियन्तालाई समानुपातिकबाट सांसद बनाए। हाल रास्वपाका प्रवक्ता रहेका झाले मधेसमा संगठन बनाउन राम्रै प्रयास गरे। रास्वपाले २०८० कात्तिकमा महोत्तरीमा पार्टीको विस्तारित बैठक नै बसाएको थियो। तर त्यसले पनि गति लिएको थिएन।

# ८६ प्रतिशत अंकसहित वर्दिवास अस्पताल मधेसकै उत्कृष्ट नगर अस्पताल

● टक नेपाल

मधेस प्रदेशका नगर अस्पतालहरूबीच गरिएको न्युनतम सेवा मापदण्ड मूल्यांकनमा वर्दिवास नगरपालिकाद्वारा सञ्चालित वर्दिवास अस्पतालले ८६ प्रतिशत अंक प्राप्त गर्दै पुनः प्रथम स्थान हासिल गर्न सफल भएको छ।

मधेस प्रदेश स्वास्थ्य मन्त्रालयअन्तर्गत अस्पताल महाशाखा प्रमुख डा. ईन्द्रजित रजकको नेतृत्वमा रहेको विज्ञ टोलीले गरेको स्थलगत मूल्यांकनका आधारमा वर्दिवास अस्पताल प्रदेशकै उत्कृष्ट नगर अस्पतालका रूपमा छनोट भएको हो।

मूल्यांकन टोलीले अस्पतालको भौतिक पूर्वाधार, चिकित्सकीय सेवा, मानव स्रोत व्यवस्थापन, औषधि आपूर्ति, सरसफाइ, आकस्मिक सेवा, मातृ तथा शिशु स्वास्थ्य सेवा, अभिलेख व्यवस्थापन, बिरामीमैत्री सेवा तथा समग्र सेवा प्रवाहको गुणस्तरका आधारमा मूल्यांकन गरेको थियो। उक्त मूल्यांकनमा वर्दिवास अस्पतालले उच्च अंक ल्याउँदै प्रदेशका अन्य नगर अस्पतालहरूलाई




पछि पार्न सफल भएको मन्त्रालय स्रोतले जनाएको छ। वर्दिवास नगरपालिकामा नगर प्रमुखका रूपमा प्रहलाद क्षेत्री आएपछि वर्दिवास नगर अस्पतालले उल्लेखनीय सुधार गरेको छ। नगरपालिकाको सीमित स्रोत-साधनलाई अधिकतम उपयोग गर्दै प्रदेश र संघीय सरकारसँग आवश्यक सहयोगका लागि पहल गर्दै अस्पताल सञ्चालन गरिएको छ। नगरवासीका सबै स्वास्थ्य समस्या समाधान गर्न नसकिए पनि न्युनतम सेवा सुनिश्चित गर्न सफल भएको नगर प्रमुख क्षेत्रीले बताएका छन्। अस्पताल प्राविधिक सेवा केन्द्र भएकाले कहिलेकाहीँ मर्मतसम्भारका कारण सेवा प्रभावित हुन सक्ने भन्दै त्यस्तो अवस्थामा वैकल्पिक व्यवस्था अपनाउन निर्देशन दिइएको पनि उनले बताए।

वर्दिवास अस्पतालले यसअघि पनि न्युनतम सेवा मापदण्ड मूल्यांकनमा उत्कृष्ट नतिजा हासिल गर्दै आएको थियो। यसपटक पुनः प्रथम स्थान हासिल हुनु अस्पताल व्यवस्थापन, चिकित्सक, स्वास्थ्यकर्मी तथा कर्मचारीहरूको निरन्तर प्रयास र स्थानीय सरकारको सहयोगको प्रतिफल भएको सरोकारवालाहरूको भनाइ छ। सीमित स्रोत-साधनका बाबजुद पनि सेवाको गुणस्तरमा सम्झौता नगरी जनताको विश्वास जित्न सफल उदाहरणका रूपमा वर्दिवास अस्पताललाई लिइएको छ।

मूल्यांकनपछि प्रतिक्रिया दिँदै अस्पताल महाशाखा प्रमुख डा. ईन्द्रजित रजकले वर्दिवास अस्पतालले सेवा व्यवस्थापन, कार्यसम्पादन र अनुशासनमा उत्कृष्ट अभ्यास प्रस्तुत गरेको उल्लेख गरे। “नगरस्तरका अस्पतालहरूका लागि वर्दिवास अस्पताल सिकाइको केन्द्र बन्न सक्छ,” उनले भने, “यसले मधेस प्रदेशमा स्वास्थ्य सेवाको स्तर उकास्न सकारात्मक सन्देश दिएको छ।”

वर्दिवास नगरपालिकाले स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राख्दै अस्पतालको पूर्वाधार विकास, जनशक्ति व्यवस्थापन तथा आवश्यक उपकरण थपमा निरन्तर लगानी गर्दै आएको छ। नगरपालिकाका जनप्रतिनिधिहरूले यस उपलब्धिलाई नगरवासीका लागि गर्वको विषय भएको बताउँदै आगामी दिनमा सेवा विस्तार र स्तरोन्नति गरिने प्रतिबद्धता व्यक्त गरेका छन्।

स्थानीय बासिन्दाहरूले पनि वर्दिवास अस्पतालबाट प्राप्त सेवा प्रभावकारी, सुलभ र भरोसायोग्य रहेको प्रतिक्रिया दिएका छन्। गुणस्तरीय र नागरिकमैत्री सेवाका कारण पछिल्लो समय अस्पतालप्रति सेवाग्राहीको आकर्षण बढ्दै गएको देखिन्छ।

न्युनतम सेवा मापदण्ड मूल्यांकनमा पुनः प्रथम स्थान हासिल गरेसँगै वर्दिवास अस्पतालले मधेस प्रदेशका नगर अस्पतालहरूका लागि उदाहरणीय पहिचान बनाएको छ। यस उपलब्धिले अन्य स्थानीय तहलाई पनि आफ्ना अस्पतालहरूको सेवा गुणस्तर सुधार गर्न थप प्रेरणा दिने अपेक्षा गरिएको छ।

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नसिङ कलेज भएको महोत्तीको एकमात्र अस्पताल

- २४ सं घण्टा इमर्जेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- EndosocopyDiode Laser सेवा
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 247 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनोरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०




बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, अध्यक्ष निर्देशकः ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014